# साल्पासिलिछो गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### चौकिडाँडा, भोजपुर
कोशी प्रदेश, नेपाल


साल्पासिलिछो गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौकीडाँडा, भोजपुर कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०८१/०८२ मितिः २०८१/११/०६

चलानी नं.: 969 ने.सं. ११४५

**विषयः कक्षा ८ को गाउँपालिकास्तरिय परिक्षा आवेदन फाराम खुलाईएको सम्बन्धमा।**

श्री सामुदायिक विद्यालय सबै (कक्षा ८ सम्म संचालित)
साल्पासिलिछो गाउँपालिका, भोजपुर।

प्रस्तुत विषयमा यस साल्पासिलिछो गाउँपालिकाको परिक्षा संचालन तथा व्यवस्थापन समितिको मिति २०८१।११।०५ गतेको निर्णयानुसार शैक्षिक सत्र २०८१ को कक्षा ८ को गाउँपालिकास्तरिय परिक्षा आवेदन फाराम खुलाइएको हुँदा सवै कक्षा ८ सम्म संचालित सामुदायिक विद्यालयहरुले तपशिल बमोजिम गर्नु गराउनुहुन अनुरोध छ।

१. सर्वप्रथम **http//emis.cehrd.gov.np** मा गई आफ्नो विद्यालयको User Name र Password राखि यस शैक्षिक सत्र २०८१ मा कक्षा ८ को अन्तिम परिक्षामा संलग्न हुने विद्यार्थिहरुको विवरण रुजु गरि नमिलेको भए निजको जन्मदर्ता प्रमाणपत्रका आधारमा अनलाइन विवरण अद्यावधिक गर्ने तथा परिक्षार्थिको पासपोर्ट साइजको फोटो अनिवार्य अपलोड गर्नु पर्नेछ।

२. विद्यार्थी विवरण रुजु गरिसके पश्चात IEMIS को Manage Exam को Admit Card मा गई सुरुको विद्यार्थिको Symbol No. मा नौ अंकको सिम्बोल नं. (उदाहरणका लागि 208101801) राखि Symbol No. Generate गरि Save गर्ने। **(Symbol No. कायम गर्दा Exam Year (2081), School Code (विरेन्द्र मा.वि. को लागि 01, सरस्वती आ.वि. को लागि 02, ठोटनेरी मा.वि. को लागि 03, जाल्पा मा.वि. को लागि 04, जाल्पादेवि मा.वि. को लागि 05, इन्द्रावती मा.वि. को लागि 06, चन्द्रावती आ.वि. को लागि 07, लक्ष्मी साल्पा आ.वि. को लागि 08, सालेवा मा.वि. को लागि 09, जनमित्र आ.वि. को लागि 10, आइतबारे आ.वि. को लागि 11 र हिमालय आ.वि. को लागि 12)**, परिक्षार्थिको कक्षा (8) र विद्यार्थिको वर्णानुक्रम (01) समावेश गरि नौ अंकको सिम्बोल नं. कायम गर्नु पर्नेछ।)

३. विद्यालयले कक्षा ८ को गाउँपालिका स्तरिय परिक्षामा सहभागि हुने विद्यार्थिको जन्मदर्ताको प्रतिलिपि, IEMIS मा भरेको तथ्यांकको आधारमा तयार भएको विद्यार्थिको आवेदन फाराम( Application Form) १(एक) प्रति र प्रवेशपत्र Admit Card २(दुई) प्रति प्रिन्ट गरि सम्बन्धित परिक्षार्थि र प्रध्यानाध्यापकले प्रमाणित गरि मिति २०८१।११।२० गते कार्यालय समय भित्र शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नु पर्नेछ। परिक्षामा सहभागी हुने विद्यार्थिहरुको समष्टिगत समेत आवेदन फाराम सहित पेश गर्नु पर्नेछ।

**नोटः परिक्षा आवेदन दिईसके पश्चात तयार गरेर ल्याइएको विद्यार्थिको जन्मदर्ता प्रमाणपत्रको विवरण अनुसार परिक्षाको प्रमाणपत्र नसच्याइने भएकाले यदि कुनै विद्यार्थिको जन्मदर्ता विवरणमा नाम, थर, बुवाआमाको नाम सच्याउनु पर्ने भएमा परिक्षाको आवेदन फाराम भर्नु अगावै विद्यालयले सो कार्य सम्पन्न भएको सुनिश्चित गर्नु पर्नेछ।**

२०८१/११/०६

बुनु राई
प्रमुख प्रशासकीय अधिकृत

बुनु राई
प्रमुख प्रशासकीय अधिकृत